# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८०/८१ को बैठक संख्याः ९

मिति २०८०/१०/२१

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

का.वा.वडा अध्यक्ष श्री धन कुमार तामाङ

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। |
| निर्णय नं. १. | अघिल्लो कार्यपालिकामा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा जानकारी भयो। कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. २. | हिउँदे गाउँसभा सम्बन्धमा। |
| निर्णय नं. २. | प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आव २०८०/८१ को हिउँदे गाउँसभाको अधिवेशन यहि माघ २८ गते देखि बस्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। साथै माघ २५ गते सम्म संशोधन गर्न पर्ने योजना तथा कार्यक्रमको विवरण वडाबाट उपलब्ध गराइसक्नु पर्नेछ। |
| प्रस्ताव नं. ३. | घ वर्गको इजाजत स्वीकृती सम्बन्धमा। |
| निर्णय नं. ३. | प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपशिल बमोजिमका फर्म/कम्पनिहरुलाई घ वर्गको इजाजत प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।<br>१. याङदेम्बा कन्स्ट्रक्सन प्रा.लि, फाल्गुनन्द ५<br>२. गेटवे कन्स्ट्रक्सन कम्पनी प्राली, फाल्गुनन्द १ |
| प्रस्ताव नं. ४. | धान उत्पादनमा पुरस्कार वितरण सम्बन्धमा। |
| निर्णय नं. ४. | प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८०/०८/१२ गते दावि विरोधको लागि ७ दिने म्याद राखि सार्वजानिक सूचना प्रकाशन गरिएकोमा पुरस्कार वितरण योग्य २९ जान कृषकहरुको दावि माथि कुनै पनि विरोध प्राप्त नभएकोले निजहरुलाई मिति २०८०/१०/२९ मा एक कार्यक्रमका माझ पुरस्कार र सम्मानपत्र द्वारा पुरस्कृत गर्ने र कृषक पुरस्कार वितरण शिर्षकमा अपुग रकम रु ५,००,०००/- गाउँपालिकाको संचित कोषबाट हिउँदे गाउँसभाबाट रकमान्तर गरी थप गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |
| प्रस्ताव नं. ५. | विशेष र समपुरक अनुदान माग गर्ने। |
| निर्णय नं. ५. | प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आ.व. २०८१/८२ को लागि नेपाल सरकारले उपलब्ध गराउने विशेष र समपुरक अनुदानको लागि तपशिल बमोजिमका योजनाहरु लागत अनुमान सहित प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।<br>१. अपाङ्गता सम्बन्धी आय आर्जन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम (विशेष अनुदान)<br>२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण (समपुरक अनुदान) |
| प्रस्ताव नं. ६. | मेकानिकल इन्जिनियरिङ परामर्श सेवा लिने सम्बन्धमा। |
| निर्णय नं. ६. | प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकाले सार्वजानि खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम खरिद तथा मर्मत गर्नुपर्ने मेशिनरी सामानहरुको लागत अनुमान अनिवार्य रुपमा तयार गर्नुपर्ने व्यवस्था भएको र गाउँपालिकामा मेकानिकल इन्जिनियर सम्बन्धी जनशक्ति नभएकोले परामर्श सेवा सम्झौता गरी कार्य अगाडी बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |

| | |
|---|---|
| प्रस्ताव नं.७. | तहवृद्धि सिफारिस समिति गठन सम्बन्धमा। |
| निर्णय नं.७. | प्रस्ताव नं. ७ माथि छलफल गर्दा कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक महिला सहित २ जना वरिष्ठ कर्मचारी रहेको तहवृद्धि सिफारिस समिति रहने व्यवस्था भएकोले उक्त समिति देहाय बमोजिम तोक्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।<br>१. निर्मल तुम्रोक प्रमुख प्रशासकीय अधिकृत संयोजक<br>२. निर्मल अधिकारी, अधिकृत छैटौ सदस्य<br>३. लक्ष्मीदेवी श्रेष्ठ, अधिकृत छैटौ, सि.अनमी सदस्य |
| प्रस्ताव नं.८. | उद्योग विकास समिति गठन गर्ने सम्बन्धमा। |
| निर्णय नं.८. | प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ५२ बमोजिम गाउँपालिका अध्यक्षको संयोजकत्वमा उद्यम विकास समिति गठन गर्नु पर्ने भएको हुनाले तपशिल बमोजिम उद्यम विकास समिति गठन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।<br>१. श्री वृज हाङ आङदेम्बे, अध्यक्ष संयोजक<br>२. श्री दल बहादुर नेम्बाङ आर्थिक विकास समिति संयोजक सदस्य<br>३. श्री निर्मल तुम्रोक, प्रप्रअ सदस्य<br>४. श्री धन कुमारी रोक्का, महिला सदस्य सदस्य<br>५. श्री बन्दना सेलिङ, लघु उद्यमी सदस्य<br>६. श्री सागर नेम्बाङ, सहकारी प्रतिनिधि सदस्य<br>श्री विचार सिंह लावती, फोकल पर्सन सदस्य |
| प्रस्ताव नं.९. | आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। |
| निर्णय नं.९. | प्रस्ताव नं. ९ माथि छलफल गर्दा पाँचथर जिल्ला कुम्मायक गाउँपालिका निवासी सञ्चारकर्मी श्री कविन्द्र शेर्मालाई घाटिको क्यान्सर भइ उपचाररत रहेकोले गाउँपालिकाबाट आर्थिक सहायता पाउँ भनि दिएको निवेदन अनुसार निजलाई गाउँपालकामा सञ्चार क्षेत्रमा पुर्याउनु भएको योगदानका आधारमा रु. २५,०००/- आर्थिक उपचार सहायताका लागि आकस्मित कोषबाट व्यव हुने गरी उपलब्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |
| प्रस्ताव नं.१० | स्वयं सेविका अवकास प्रोत्साहन खर्च उपलब्ध गराउने सम्बन्धमा। |
| निर्णय नं.१० | प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिकाका राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविकाहरु उमेरको हदका कारण अनिवार्य अवकास हुँदा गाउँपालिकामा पुर्याउनुभएको योगदानका आधारमा जनहरु रु २०,०००/- उपलब्ध गराउने र त्यस्तो खर्च उपलब्ध गराउने स्वयंसेविका प्रोत्साहन खर्च कोष स्थापना गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |
| प्रस्ताव नं.११ | वडा नं. ४ को भवन निर्माणको लागि निशुल्क जग्गा प्रासिको सूचना प्रकाशन गर्ने सम्बन्धमा। |

| | |
|---|---|
| निर्णय नं.११ | प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको गर्न हालको जगगा अपुग हुने भएकोले थप आवश्यक जग्गा निशूल्क प्रासिको लागि साविक वडा कार्यालयसँग सिमाना जोडिएको क्षेत्रमा थप २-८-०-० रोपनी जग्गा निशूल्क प्रासिको लागि सार्वजानिक सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो। |
| प्रस्ताव नं.१२ | साना सिचाइ योजना सञ्चालनका लागि सिंचाइ कुलो सिफारिस सम्बन्धमा। |
| निर्णय नं.१२ | प्रस्ताव नं. १२ माथि छलफल गर्दा साना सिंचाइ कार्यक्रम मार्फत सञ्चालन हुने गरी डिटेल सर्भे गर्नका लागि तपशिल बमोजिमका सिंचाइ कुलो सिफारिस गर्ने निर्णय गरियो।<br>१. हात्तिलुङ माझिटार कुलो फाल्गुनन्द १<br>२. सुन्तले बडहरे सत्तेरुपा कुलो फाल्गुनन्द १<br>३. विकासे कुलो फाल्गुनन्द २<br>४. बाँसबोटे कुलो फाल्गुनन्द २<br>५. फिक्चुखोला कुलो फाल्गुनन्द ३<br>६. निवुखोला विजयटार कुलो फाल्गुनन्द ३<br>७. अमर कुलो फाल्गुनन्द ४<br>८. चेप्लुङ खोला लुङसुङदाङ कुलो फाल्गुनन्द ४<br>९. सिरान कुलो साविक ३, ९ र १ फाल्गुनन्द ५<br>१०. विचकुलो फाक्तेप गाविस सावि ३ र ९ फाल्गुनन्द ५<br>११. छोरुङ्गा बाजोखेत कुलो फाल्गुनन्द ६<br>१२. मालबासे कुलो फाल्गुनन्द ६<br>१३. डाँगेनी बरबोटे फाल्गुनन्द ७<br>१४. मिकाङ खोल्सी सल्लेरी खोक्रा कुलो फाल्गुनन्द ७ |